**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०६ अप्रेल २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- भाजपा का बरिष्ठ नेता तथा प्रधानमंत्री नरेन्द्र मोदीले हिज पश्चिम बंगाल सरकारको आलोचना गर्नुहुँदै राज्यमा भ्रष्टाचार चरममा रहेको बताउनुभएको छ।

- विदेशमन्त्री एस जयशंकरले हिजो इरान, कतार र संयुक्त अरब इमिरेट्सका विदेशमंत्रीहरूसँग पश्चिम एसिया द्वन्द्व र वर्तमान अवस्थाबारे छलफल भएको छ।

- पश्चिम एशियामा जारी युद्धको बीच एयर इंडियाले इस्राएलको लागि आफ्नो उड़ानहरु रद्द गरेको छ।

- पश्चिम एसियामा द्वन्द्वका कारण उत्पन्न इन्धन संकटलाई सम्बोधन गर्न नेपाल सरकारले सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा साप्ताहिक दुई दिन छुट्टी लागू गर्ने निर्णय गरेको छ।

- आई.पी.एल. क्रिकेटमा हिज राति **रॉयल चैलेंजर्स बेंगलुरु** ले **चेन्नई सुपर किंग्स** लाई 43 रनले पराजित गरेको छ।

## बंगाल-भाजपा

भाजपा का बरिष्ठ नेता तथा प्रधानमंत्री नरेन्द्र मोदीले कुचबिहारदेखि पश्चिम बंगालमा आफ्नो पार्टी चुनाव प्रचार हिज देखि हिज शुरू गर्नुभयो। कुचबिहारको राशमेला मैदान मा अलिपुरद्वार तथा कुचबिहार जिलाका हजारौं कार्यकर्ता तथा पार्टी समर्थकहरुलाई सम्बोधित गर्नुहुँदै श्री मोदीले पाल्टानो दरकार चाई बीजेपी सरकार अर्थात राज्य सरकारमा फेरबदल गरी भाजपा सरकार बनाउन पर्ने नारा दोहोराउनुभयो। उहाँले बंगाल को जनतासित भाजपा का लागि मतदान गर्ने तथा भाजपा सरकार बनाउने अपील गर्नुभयो। उपस्थित जनसैलाबलाई ध्यानमा रख्दै उहाँले भाजपा माथि राज्य मा मानिसहरुमा विश्वास एवं भरोसा बढिरहेको तथा भाजपाको सरकार बन्न तय भएको बताउनुभयो। उहाँले बंगालको मुख्यमंत्री ममता बनर्जीको टीएमसी सरकारको आलोचना गर्नुहुँदै राज्य मा कानून व्यवस्था डगमाएको बताउनुभयो। हालै मादलामा भएको न्यायीक अधिकारीहरुहरु बन्धक बनाइने मामलाको उल्लेख गर्नुहुँदै श्री मोदीले टीएमसी राज मा न्यायपालिका सम्म सुरक्षित नरहेको, लोकतंत्रको सम्मान नभएको, विकास अवरुद्ध रहेको तथा राज्यमा भ्रष्टाचार चरममा रहेको बताउनुभयो। श्री मोदीले 4 मई को दिन राज्य मा भाजपा सरकार बन्निने तय भएको बताउनुभयो। भाजपा सरकार बन्न साथै राज्यका सर्वांगीण विकास तिव्र गतिमा हुने श्री मोदीले वाचा गर्नुभयो। यस रैलीमा प्रदेश अध्यक्ष समिक भट्टाचार्य तथा केन्द्र राज्यमंत्री सुकान्त मजुमदार पनि उपस्थित थिए।

## जयशंकर

विदेशमन्त्री एस जयशंकरले हिजो इरान, कतार र संयुक्त अरब इमिरेट्सका विदेशमंत्रीहरूसँग टेलिफोन वार्ता गर्नुभयो। उनीहरुबीच पश्चिम एसिया द्वन्द्व र वर्तमान अवस्थाबारे छलफल भएको छ। बैठकमा मुख्य छलफल विश्वको विद्युत् आपूर्तिमा पर्ने प्रभावका विषयमा थियो। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानलाई दिएको चेतावनीपछि क्षेत्रमा तनाव बढिरहेका बेला यो वार्ता भएको हो। इरानद्वारा स्ट्रेट अफ हर्मुज लगभग बन्द भएपछि विश्वभर तेल र ग्यासको मूल्य बढेको छ। स्ट्रेटले विश्वव्यापी तेल र एलएनजीको २० प्रतिशत आपूर्ति गर्दछ। पश्चिम एसिया भारतका लागि ऊर्जा खरिदको महत्वपूर्ण स्रोत रहँदै आएको छ।

**महाराष्ट्र उपनिर्वाचन**

कांग्रेस पार्टीले महाराष्ट्रमा हुने बारामती विधानसभा उपनिर्वाचनका लागि आकाश विश्वनाथ मोरेलाई आफ्नो उम्मेदवार घोषणा गरेको छ। आकाश मोरे पूर्व विधायक तथा विधान परिषद्का सदस्य विजयराव मोरेका छोरा हुन्। वहाले हाल महाराष्ट्र प्रदेश कांग्रेस समितिको सचिवको रूपमा सेवा गरिरहेका छन् । मोरेले महायुती गठबन्धनको तर्फबाट चुनाव लडिरहेकी वर्तमान उपमुख्यमन्त्री सुनेत्रा पवारसँग प्रतिस्पर्धा गर्नुहुनेछ। वहाँ दिवंगत उपमुख्यमन्त्री अजित पवारकी पत्नी हुन्।

**निर्वाचन क्षेत्र प्रोफाइल – तमुलपुर (असम)**

असमका सबै १२६ विधान सभा निर्वाचन क्षेत्रहरूको लागि मतदान 9 अप्रिलमा एकै चरणमा हुनेछ। निर्वाचन क्षेत्र प्रोफाइल शृङ्खलाको एक भागको रूपमा, आसामको तमुलपुर निर्वाचन क्षेत्रको बारेमा जानकारी गराउदै तमुलपुर विधान सभा निर्वाचन क्षेत्र दरंग-उदलगुरी संसदीय निर्वाचन क्षेत्र अन्तर्गत पर्ने एक प्रमुख राजनीतिक निर्वाचन क्षेत्र हो। हाम्रा संवाददाताबाट विवरण

**एयर इंडिया-इस्राएल**

पश्चिम एशियामा जारी युद्धको बीच एयर इंडियाले इस्राएलको लागि आफ्नो उड़ानहरु रद्द गरेको छ । एयर इंडियाको आधिकारिक सूत्रहरुले बताए अनुसार नयाँ दिल्ली-तेल अवीव मार्गमा उड़ानहरु 31 मईसम्म निलंबित रहनेछ। अधिकांश प्रमुख विमान कंपनिहरुले पनि तेल अवीव मार्गमा परिचालन स्थगित गरेको छ। उड़ानहरु निलंबित भएपछि इस्राएलमा रहेका चालीस हजार भन्दा अधिक भारतीयहरुको चिंता बढेको छ , जो व्यक्तिगत वा व्यावसायिक कारणले वा यस क्षेत्रमा बढ्दो तनावका कारण भारत आउन चाहन्छन् | तेल अवीवमा भारतीय दूतावासले यस अवधि भारतीय समुदायसित नियमित संपर्क बनाइ राखेको छ। उनीहरुको लागि चौबिसे घंटा कार्यरत एमरजेंसी लाइन खोलीएको छ र व्यापक पंजीकरण शुरू गरिएको छ ।
इजरायलका लागि भारतीय राजदूत जेपी सिंह र दूतावासको टोलीले शनिबार भारतीय कामदार र विद्यार्थीहरूसँग भर्चुअल कुराकानी गरेर र उनीहरूलाई निरन्तर सहयोगको आश्वासन दिएका छन्।

**दिल्ली सरकार-एलपीजी**

दिल्ली सरकारले गोदामबाट सिधै एलपीजी सिलिन्डरको बिक्रीमा पूर्ण प्रतिबन्ध लगाएको छ। तेल विपणन कम्पनीहरू ले सबै वितरकहरूलाई यस प्रकारको कुनै पनि बिक्री अवैध रहेको अनि यस विरुद्ध कड़ा कार्यवाही गरिने स्पष्ट निर्देशन जारी गरेको छ। सरकारले शहरभरि पाँच किलोको सिलिन्डरको उपलब्धता बढाएको छ ताकि आम मानिस , विशेष गरी उचित ठेगाना प्रमाण नभएकाहरूको लागि खाना पकाउने ग्यासलाई अझ बढी पहुँचमा ल्याउन सकियोस्। प्रवासी मजदुरको सहयोगका लागि हिन्दुस्तान पेट्रोलियम कर्पोरेसन लिमिटेडका सेल्स सेन्टरमा ११ वटा हेल्प डेस्क स्थापना गरिएको छ । यी सहायता कक्षले ग्राहकहरुलाई नजिकैको ग्यास वितरक र ग्यास सिलिन्डर कसरी सहज रुपमा प्राप्त गर्ने भन्ने जानकारी दिने छ।

**अनिवार्य घोषणा - पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले आज राति साढे नौ बजे **पब्लिक स्पीक** कार्यक्रममा , **नया आयकर अधिनियम, 2025** माथि परिचर्चा प्रसारण गर्नेछ। केंद्रीय प्रत्यक्ष कर बोर्डका संयुक्त सचिव पीतांबर दास अनि आर्थिक विश्लेषक शरद कोहली परिचर्चामा सहभागी रह्नेछन् र श्रोताहरुको प्रश्नहरुको उत्तर दिनेछन्।

कार्यक्रमको अवधि , श्रोताले यस विषयसंग संबंधित प्रश्न सोध्न सक्नेछन। प्रश्न सोध्नका का लागि नम्बर रहेको छ - 011-23310481,011-23717117,011-23717106र011-23314444

व्हाट्सएप नम्बर 9289094044 मा पनि श्रोताले प्रश्न सोध्न सक्ने छन् अथवा **हैशटैग आस्क-ए.आई.आर.** को साथ **एक्स** मा आफ्नो प्रश्न पोस्ट गर्न सक्नेछन।

**नेपालमा सार्वजनिक बिदाहरू**

पश्चिम एसियामा द्वन्द्वका कारण उत्पन्न इन्धन संकटलाई सम्बोधन गर्न नेपाल सरकारले सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा साप्ताहिक दुई दिन छुट्टी लागू गर्ने निर्णय गरेको छ। यो नयाँ व्यवस्था अन्तर्गत, अब शनिबार र आइतबार सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा सार्वजनिक छुट्टीको रूपमा मनाइनेछ। सरकारका प्रवक्ता सस्मिता पोखरेलले मन्त्रिपरिषद् बैठकमा यो निर्णय गरिएको बताइन्।

**बांग्लादेश - खसरा**

बांग्लादेशमा पछिल्लो 19 दिनहरुमा दादुरा अर्थात् measles को गंभीर प्रकोपबाट 94 बालबालिकाहरुको मृत्यु भएको छ। सरकारले यस संक्रामक बीमारीको लागि आपातकालीन निवारण अभियान शुरू गरेको छ । यो प्रकोपले 64 प्रशासनिक जिल्लाहरुमध्ये 56 जिल्लाहरुलाई प्रभावित गरेको छ | प्रधानमन्त्री तारिक रहमानको सरकारले मोहम्मद युनुसको अन्तरिम सरकारले दादुराको खोप समयमै उपलब्ध गराउन नसकेको आरोप लगाएको छ ।स्वास्थ्यमन्त्री सरदार शखावत हुसेन बकुलले आपतकालीन खोप अभियानलाई सबैभन्दा बढी प्रभावित क्षेत्रमा समेट्ने र त्यसपछि यसलाई सम्पूर्ण बंगलादेशमा विस्तार गरिने बताउनु भएको छ ।

**आईपीएल-क्रिकेट**

आई.पी.एल. क्रिकेटमा हिज राति **रॉयल चैलेंजर्स बेंगलुरु** ले **चेन्नई सुपर किंग्स** लाई 43 रनले पराजित गरेको छ । बेंगलुरुको एम. चिन्नास्वामी स्टेडियममा पहिले ब्याटिंग गर्दै रॉयल चैलेंजर्स बेंगलुरुले निर्धारित बीस ओवरमा तीन विकेटमा दुई सय 50 रन बनाए। जवाफमा चेन्नईको सम्पूर्ण टीम 207 रन मा सिमित रह्यो । आज **कोलकाता नाइट राइडर्स को भिडन्त पंजाब किंग्स** संग हुनेछ । यो मैच कोलकाताको ईडन गार्डन्समा साँझ सात बजेर ३० मिनट देखि शुरु हुनेछ।